# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN

**BROADCAST: 18:40 hrs** **Date:16.04.2024**

***Election campaign***

देशमा लोकसभा चुनाउको पहिलो चरणको प्रचार चरममा पुगेको छ । मतदान हुन अब दुई दिन मात्र बाँकी रहेकोले राजनीतिक दलहरूका प्रमुख नेताहरूले जनसभा र ऱ्याली आयोदन गरिरहेछन् । यस चरणमा सत्र राज्यहरूको एक सय दुई लोकसभा सीटका लागि चुनाउ हुनेछ । सिक्किमको एकमात्र लोकसभामा सीट र बत्तीस सदस्यीय विधानसभाका लागि पहिलो चरणमै आउँदो शुक्रवार उन्नाइस अप्रेलका दिन मतदान हुने भएकाले सबै राजनीतिक पार्टीका नेता तथा उम्मेदवारहरूले आ आफ्ना समस्टिमा जनसभा गरिरहेछन् ।

यसकासाथै चुनाउ प्रत्याशीहरूले घर घर गएर मतदाताहरूसँग भेट गरी आफ्नो पक्षमा मतदान गर्ने आग्रह पनि गरिरहेछन् । प्रचार अभियान अन्तर्गत सिक्किम प्रजातान्त्रिक मोर्चा SDF पार्टीको अन्तिम चुनावी जनसभा पोकलोक कामराङ समस्टिको आसाङथाङमा आज आयोजित भयो । यसलाई सम्वोधन गर्दै पार्टी अध्यक्ष तथा पूर्व मुख्यमन्त्री श्री पवन चामलिङले चुनाउ जितेर पार्टी सत्तामा आएको खण्डमा सिक्किमलाई विश्वको पहिलो जैविक पर्यटन गन्तव्य बनाउने घोषणा गर्नुभयो ।

उहाँले भन्नुभयो सिक्किम पर्यटन उद्योगलाई गाउँमुखी र जनमुखी बनाएर सिक्किमको रोजगार आय र पेशाको मुख्य श्रोत बनाइनेछ । राज्यमा शान्ति र सुरक्षालाई प्राथमिकता दिइने कुरो बताउँदै श्री चामलिङले सिक्किमको आफ्नै मेडिकल कालेज बनाउने, पुनसीर्मङ्कनमा लोकसभा र राज्यसभाको सीट दुई दुई वटा बनाउने राज्यविधानसभामा लिम्बु तामाङ समुदायका लागि सीय आरक्षण गर्ने र छुटेका बाह्र जात गोंस्ठीलाई जनजातिको मान्यता दिलाउने घोषणा पनि गर्नुभयो । जनसभामा बोल्दै पार्टीका लोकसभा उम्मेदवार श्री पी डी राईले सिक्किमेहरूका हक तथा अधिकार अनि सम्विधानको धारा 371(F)को सुरक्षा गर्न SDF प्रतिवद्ध रहेको कुरो बताउनुभयो ।

***Election candidate***

यहाँहरूलाई थाहै होला राज्यमा यसपालि सत्तारूढ सिक्किम क्रान्तिकारी मोर्चा, SKM पार्टी, सिक्किम प्रजातान्त्रिक मोर्चा SDF, भारतीय जनता पार्टी वीजेपी, भारतीय रास्ट्रिय कांग्रेस, सिटिजन एक्शन पार्टी सिक्किम र सिक्किम रिपब्लिकन पार्टी चुनाउ मैदानमा छन् । यी मध्ये निर्दलीय उम्मेदवारहरू सँगै विधानसभाका लागि एकसय बाउन्जना र लोकसभामा सीटका निम्ति चौधजनाले प्रतिस्पर्धा गरिरहेछन् ।

***Postal ballot***

राज्यका सबै दिल्लाका गत पाँच अप्रेलदेखि शुरू भएको डाक मतपत्र मतदान प्रक्रिया हिजो समाप्त भयो । मंगन जिल्लाका मतदान कर्मीहरू, जिल्ला पुलिस, अग्नि शमं सेवा कर्मीहरू, जिल्ला पुलिस, अग्नि शमन सेवा विभाग, स्पेशल ब्रान्च, ट्राफिक पुलिस, पुलिस कर्मी र अन्य अधिकृतहरूका केन्द्र मंगनमा अवस्थित स्ट्रङ रूमवाट रम्फु पठाइएको छ ।

जिल्ला निर्वाचन अधिकारी श्री हेम कुमार छेत्रीको देखरेखमा मंगन जिल्लाका समस्टिहरूलाई छोड़ेर उन्तीस निर्वाचन क्षेत्र र संसदीय समस्टिका डाक मतपत्रहरू पठाउने कार्यभयो । यस अवसरमा अन्य अधिकारी तथा कर्मचारीहरू अनि राजनीतिक पार्टीका प्रतिनिधिहरू उपस्थित थिए । सोरेङ जिल्लामा डाक मतपत्र मतदान नौ अप्रेल देखि हिजो पन्ध्र अप्रेलसम्म वी एड कालेजमा भएको थियो ।

जिल्लाका चार समस्टिहरू वाहेक संघ लगायत अठाइस निर्वाचन क्षेत्रका होम भोटिङ गर्ने मतदाताहरू अनि पीठासीन र मतदान अधिकारीहरू र अन्य आवश्यक सेवा कर्मीहरूका मतपत्रहरू पनि आज रम्फू पठाइयो । गान्तोक जिल्लामा मतदान गर्ने अन्य जिल्लाका मतदाताहरूको मतपत्र पनि DIET कालेज बुर्तुकवाट रम्फू लगियो । यी मतपत्रहरूलाई अलग अलग छुटाएर सम्वन्धित जिल्लाहरूमा पठाइनेछ ।

गेजिङ जिल्लामा पनि नौ देखि पन्ध्रअप्रेलसम्म मतदान गर्ने विभिन्न वर्गका मतदाताहरूको मतपत्र सरकारी कन्या उच्चतर माध्यमिक विद्यालय वयोङलावाट रिटर्निङ अधिकारी सुश्री परी विस्णेईको देखरेखमा रम्फु पठाइएको छ । पाकिम र नाम्ची जिल्लावाट पनि संग्रह गरिएका मतपत्रहरू रम्फु केन्द्रमा पठाइयो । त्यहाँ यी मतपत्रहरू छुटयाएर सम्वन्धित जिल्लामा पठाइन्छ ।

***Training PWD polling party***

गान्तोक जिल्लाका दिब्याङ्ग मतदाताहरूको मतदान टोलीका निम्ति अन्तिम प्रशिक्षण सत्र जिल्ला प्रशासनिक केन्द्र सिच्छेमा आज आयोजन गरियो । यसमा चिन्तन भवनको एक मात्र मतदान केन्द्र सञ्चालन गर्ने जम्मा आठजना पुरूष र पाँच महिला गरी तेह्र जना अधिकारीहरू सहभागी बने । प्रशिक्षणको बेला गान्तोकका अतिरिक्त जिल्लाधीश श्री रोहन अगवानेले मतदान दिवसमा पीठासीन र मतदान अधिकारीहरूको भूमिका तथा दायित्ववारे अवगत गराउनुभयो उहाँले मतदान दायित्ववारे अवगत गराउनुभयो उहाँले मतदान टीमको तयारीवारे पनि जानकारी लिनुभयो ।

***Training pakyong***

पाकिम स्थित डिकलिङ उच्चतर माध्यमिक पाठशालामा पनि आज मजदान टोलीहरूको तयारी सम्वन्धमा प्रशिक्षण कार्यक्रम आयोजित भयो। यसमा जिल्ला निर्वाचन अधिकारी श्री टाशी छोपेलले इलेक्ट्रोनिक भोटिङ मशिन EVM, VVPAT र मतदान सामग्रीहरू वितरण तथा संग्रह प्रकिया र अन्य विषयहरूवारे जानकारी दिनुभयो। उहाँले भन्नुभयो जिल्लाका विभिन्न मतदान केन्द्रहरूमा EVM र VVPAT मशिनहरू पठाउने कार्य अठार अप्रेल विहान गरिनेछ।

***Mangan preparatory meeting***

मतदान दिवसको तयारी सम्वन्धमा अन्तिम बैठक मंगन जिल्ला प्रशासनिक केन्द्रमा आज बस्यो। यसको अध्यक्षता गर्दै जिल्लाधीश तथा जिल्ला निर्वाचन अधिकारी श्री हेमकुमार छेत्रीले क्षेत्र मजिस्ट्रेटहरूसित मतदान सामाग्रीहरू सीलबन्द गर्न र पठाउनअघि राम्ररी जाँच गर्ने आग्रह गर्नुभयो। आफ्नो वक्तव्यमा मंगनका पुलिस अधीक्षक श्री सोनाम डेचु भुटियाले flying स्कावाड हर समय सतर्क रहनुपर्ने आवश्यक्तामाथि जोड़ दिनुभयो। उहाँले क्षेत्र मजिस्ट्रेटहरूलाई मतदानको तुरन्तै मशिनहरू लिएर फर्किनु भन्नुभएको छ। यसै गरी आम चुनाउ स्वतन्त्र, सवच्छ र शान्तिपूर्ण ढंगमा सम्पन्न भएको सुनिश्चित गर्न राज्यका अन्य जिल्लामा पनि जिल्ला निर्वाचन अधिकारीहरूको नोडल अधिकारीहरूसित समन्वय बैठक बस्यो।

***Ramnavami greetings***

भोलि रामनवमी हो। यस अवसरमा राज्यपाल श्री लक्षमण प्रसाद आचार्यले राज्यवासीहरूलाई शुभकामना दिनुभएको छ। मर्यादा पुरूषोत्तम रामको जीवनको हामीलाई सदैव उच्च मूल्य र नैतिकताको प्रेरणा दिने कुरो बताउँदै आफ्नो सन्देशमा उहाँले शस पर्वले सिक्किमका सबै समुदायमाझको सदभावनालाई अझै सुदृढ़ बनाओस भन्ने कामना गर्नुभएको छ।